कोशी प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

# प्रदेश राजस्व कार्यालय

इटहरी, सुनसरी, नेपाल

**प.सं. :-** ०८२/८३

**च.नं. :-** ६३

**मिति :-** वि.सं. २०८२/०९/०४

**ने.स. :-** ११४६ थिंलागा, ३० शुक्रवार

विषयः प्रदेश आर्थिक ऐनको प्रावधान सम्बन्धमा।

श्री महानगरपालिका/ उप-महानगरपालिका, नगरपालिका, गाउँपालिका सबै
कोशी प्रदेश, नेपाल।

प्रस्तुत विषयमा कोशी प्रदेश आर्थिक ऐन, २०८२ मा भएको मनोरञ्जन कर, विज्ञापन कर र पर्यटन शुल्कको दर तथा प्रावधान, वन क्षेत्रको नदीजन्य पदार्थ विक्री सम्बन्धी प्रावधान, मनोरञ्जन कर, पर्यटन शुल्क र सवारी साधन कर छुटको बारेमा राजस्व महाशाखा/शाखा, मातहतका कार्यालय र सरोकारवाला/करदातालाई जानकारी गराउन एवम् राजस्व सङ्कलनमा सहजीकरणका लागि टिपोट गरिएका विषय/विवरण (पाना-१०) यसै पत्रसाथ संलग्न गरिएको छ। प्रदेश आर्थिक ऐनको प्रावधान र कर छुट वा विशेष व्यवस्थाबारे सूचना तथा जानकारी दिन संलग्न विवरणलाई वेवसाइट तथा अन्य माध्यमबाट र सूचना पाटीमा समेत टाँस गरी प्रचार-प्रसार गरिदिन हुन अनुरोध गर्दछु।

साथै स्थानीय विभाज्य कोषमा जम्मा भएको/बाँकी रहेको मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क र प्राकृतिक स्रोत (दहत्तर बहत्तर) विक्री शुल्क वापतको रकम कानून अनुसार बाँडफाँड गरी प्रदेश सञ्चित कोषमा समेत दाखिला गरिदिन अनुरोध गर्दछु।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Bidur Poudel
pro.koshi82@gmail.com

(विदुर पौडेल)
शाखा अधिकृत

# मेला, महोत्सव, प्रदर्शनी लगायतका कार्यक्रम सञ्चालनमा लाग्ने

## मनोरञ्जन कर सम्बन्धी जानकारी

कोशी प्रदेश आर्थिक ऐन, २०८२ को दफा ५ सँग सम्बन्धित अनुसूची-४ मा उल्लेख भए अनुसार मेला, महोत्सव लगायतका मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्ने मनोरञ्जन करको प्रावधान देहाय अनुसार रहेको छः-

- मेला, महोत्सव, सर्कस, मनोरञ्जनात्मक खेलकुद, सांस्कृतिक कार्यक्रम सञ्चालनको अनुमतिको लागि स्थानीय तहबाट सिफारिस लिंदा मनोरञ्जन कर बुझाउनु पर्नेछ।
- कोशी प्रदेश सरकारका निकाय वा स्थानीय तहबाट कुनै मेला, महोत्सव, सांस्कृतिक कार्यक्रम आदिमा अनुदान सहयोग माग गर्दा वा भुक्तानी निकासा गर्दा मनोरञ्जन कर दाखिला भएको कागजात पेश गर्नु पर्नेछ।
- आ.व.२०८२/८३ को लागि तोकिएको मनोरञ्जन करको दरः-

| शीर्षक | कार्यक्रम/ व्यवसायको प्रकृति | महानगरपालिका /उप-महानगरपालिका | तराई र भित्री मधेशका जिल्लाहरू | | हिमाल र पहाडका जिल्लाहरू | |
|---|---|---|---|---|---|---|
| | | | नगरपालिका | गाउँपालिका | नगरपालिका | गाउँपालिका |
| मेला, महोत्सव, प्रदर्शनी, सर्कस, साँस्कृतिक कार्यक्रम, मनोरञ्जनात्मक कार्यक्रम, मनोरञ्जनात्मक खेलकुद प्रतियोगिता **(प्रतिदिन रु.)** | ठूलो प्रकृतिका (८ दिन वा सोभन्दा बढी सञ्चालन हुने) | २० हजार | १२ हजार | १० हजार | ७ हजार | ५ हजार |
| | मझौला प्रकृतिका (७ दिनसम्म सञ्चालन हुने) | १० हजार | ७ हजार | ५ हजार | ३ हजार | २ हजार |
| जादु, चटके लगायत निश्चित अवधिसम्म सञ्चालन हुने साना प्रकृतिका मनोरञ्जनमा **(प्रतिदिन)** रु. | साना प्रकृतिका | १ हजार | ८ सय | ५ सय | ३ सय | २सय |

- कृषि तथा औद्योगिक मेला वा प्रदर्शनीलाई लाग्ने मनोरञ्जन करमा ५० प्रतिशत छुट हुनेछ।
- मनोरञ्जन कर स्थानीय विभाज्य कोषमा जम्मा गरी प्रदेश सरकार र स्थानीय सरकारबीच बाँडफाँड हुनेछ। मनोरञ्जन कर वापतको रकम राजस्व शीर्षक ३३३४२ मा दाखिला गर्नु पर्नेछ।

प्रदेश राजस्व कार्यालय

<u>**मनोरञ्जन कर दाखिलाबारे थप जानकारीः-**</u>

- ✓ कोशी प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूची-४ मा मनोरञ्जन कर लाग्ने व्यवसाय र करको दर सम्बन्धी प्रावधान रहेको छ।
- ✓ स्थानीय तहमा व्यवसाय कर तिर्दा वा नवीकरण गर्दा प्रदेश ऐन बमोजिमको मनोरञ्जन कर दाखिला नभएको भए लाग्ने कर, जरिवाना र ब्याज समेत असूल गरेर मात्र नवीकरण गर्नु पर्दछ।
- ✓ टिकट मूल्यमा कर सङ्कलन गर्नेले अर्को महिनाको २५ गतेभित्र र एकमुष्ट रुपमा बुझाउनेको हकमा असार मसान्त भित्र स्थानीय विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।
- ✓ तोकिएको अवधिभित्र मनोरञ्जन कर दाखिला नगरेमा वार्षिक १० प्रतिशतले हुने जरिवाना र १५ प्रतिशतका दरले हुने ब्याजसहित असूल गरिनेछ।

**कर छुट सम्बन्धी व्यवस्थाः (कोशी प्रदेश आर्थिक ऐन, २०८२ को दफा १८ (६) र (८) अनुसार)**

- ✓ विगत आर्थिक वर्षमा लगाइएको मनोरञ्जन कर तथा पर्यटन शुल्क बुझाउन बाँकी व्यवसायीले **यस ऐन बमोजिम लाग्ने मनोरञ्जन कर र पर्यटन शुल्कको दर अनुसार** आर्थिक वर्ष २०७९/८०, २०८०/८१ र २०८१/८२ को हुने रकम २०८२ चैत्र मसान्त भित्र बुझाएमा सोमा लाग्ने जरिवाना तथा व्याज छुट हुनेछ।

  तर प्रवेश टिकटमा तोकिएको कर तथा शुल्क समावेश गरी सङ्कलन गरेका व्यवसायीले विगत आर्थिक वर्षको बुझाउन बाँकी कर तथा शुल्क २०८२ चैत्र मसान्त भित्र बुझाएमा सो मा लाग्ने व्याज तथा जरिवाना छुट हुनेछ।
- ✓ माथि उल्लेखित कर, शुल्क तथा दस्तुर दाखिला गरेमा अन्य बाँकी रहने रकम र सो भन्दा अघिका आर्थिक वर्षमा आर्थिक ऐन बमोजिम तोकिएको कर शुल्क, दस्तुर, व्याज तथा जरिवाना पूर्णरुपमा छुट हुनेछ।

# वन क्षेत्रका खोला, नदी किनाराको ढुङ्गा, गिट्टी, वालुवा, नदीजन्य पदार्थ विक्री सम्बन्धी प्रावधानः

कोशी प्रदेश आर्थिक ऐन, २०८२ को दफा ७ को उपदफा (४) मा देहायको व्यवस्था उल्लेख रहेको छः-

- ➢ प्रदेश भित्रको राष्ट्रिय वन क्षेत्रका नदी खोलामा जम्मा भएको वा थुप्रिएको नदीजन्य पदार्थबाट वन जङ्गल, मानव वस्ती, खेतीपाती वा भौतिक संरचनमा असर पर्ने वा नपर्ने एकिन गरी सङ्कलन तथा विक्री वितरण गर्ने कार्य **सम्बन्धित डिभिजन वन कार्यालयसँग समन्वय** गरी प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराई **सम्बन्धित स्थानीय तहले** गर्नेछ।

# पर्यटन शुल्क सङ्कलनबारे जानकारी

कोशी प्रदेश आर्थिक ऐन, २०८२ को दफा ९ र अनुसूची-८ मा उल्लेख भए अनुसार पर्यटन शुल्कको प्रावधान देहाय अनुसार रहेको छः-

- प्रदेश सरकार वा स्थानीय तहले पर्यटन स्थल वा पर्यटकीय क्रियाकलापमा लगानी गर्दा वा आयोजना निर्माण वा हस्तान्तरण गर्ने सम्झौता गर्दा सोबाट प्राप्त हुने आम्दानीको **कम्तीमा बीस प्रतिशतले** हुन आउने रकम वार्षिक रूपमा **स्थानीय विभाज्य कोषमा** दाखिला गर्ने शर्त उल्लेख गरेर मात्र पर्यटकीय पूर्वाधार निर्माण, सञ्चालन वा हस्तान्तरण गर्नु पर्नेछ।
- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट पूर्वाधार विकासमा लगानी भएको र सामुदायिक संस्था, व्यवस्थापन समिति वा सङ्गठित संस्थाले सञ्चालन गरेको स्थलमा (कर वा शुल्क बुझाउने बारेमा) सम्झौता भएकोमा सोही बमोजिम हुनेछ। सम्झौता नभएको अवस्थामा **वार्षिक रुपमा उठ्ने रकमको २० (बीस) प्रतिशत**ले हुन आउने रकम सम्बन्धित संस्था वा समितिले (**स्थानीय विभाज्य कोषमा** दाखिला हुने गरी) स्थानीय तहलाई बुझाउनु पर्नेछ।
- टिकट वा प्रवेश शुल्क लिई समिति वा अन्य संस्थाबाट सञ्चालित, सरकारको लगानी रहेका पर्यटन स्थल, तालतलैया, पर्यटकीय पार्क, पर्यटकीय रिसोर्ट, अन्य पर्यटकीय स्थल, प्राचीन स्मारक तथा पुरातात्त्विक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक सम्पदा, सङ्ग्रहालय, गुफा, पार्क, पिकनिक स्थल, भ्यू टावर, संरक्षण क्षेत्र, सामुदायिक वन तथा अन्य वन क्षेत्रको पर्यापर्यटनमा वार्षिक आयको २० प्रतिशत रकम स्थानीय विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ। कोशी प्रदेश आर्थिक ऐन, २०८१ को दफा ९ (१) मा पनि सोही प्रावधान रहेको हुँदा गत आ.व.२०८१/८२ मा उठेको रकमको वा वार्षिक कुल आयको २० प्रतिशतले हुने रकम यो वर्ष दाखिला गर्नुपर्ने हुन्छ।
- कोशी प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूची-८ बमोजिमको पर्यटन शुल्क सङ्कलन हुने रकम स्थानीय विभाज्य कोषमा दाखिला हुनेछ। यस बाहेक स्थानीय तहले लगाएको पर्यटन शुल्क वा दस्तुर वापतको रकम स्थानीय विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ।
- पर्यटन शुल्क वापतको रकम राजस्व शीर्षक **३३३४५** मा दाखिला गर्नु पर्नेछ।

पुनश्चः

- संघ, प्रदेश वा स्थानीय सरकारबाट पूर्वाधार निर्माणमा लगानी नभएको, निजी क्षेत्रबाट सञ्चालन भएको हकमा अनुसूची-४ बमोजिम मनोरञ्जन करमा तोकिएको दर अनुसार पार्क, तालतलैया, पर्यापर्यटन, साहसिक मनोरञ्जन/ व्यवसाय/ क्रियाकलाप, पिकनिक स्थल लगायतमा मनोरञ्जन कर लाग्नेछ।

# कोशी प्रदेश आर्थिक ऐन, २०८२ को दफा १८ (६) अनुसार मनोरञ्जन कर र पर्यटन शुल्क छुटबारे जानकारीः-

| विगत आर्थिक वर्षमा लगाएको मनोरञ्जन कर वा पर्यटन शुल्क तिर्नुपर्ने करदाता/व्यवसाय | ऐनको अनुसूची-४ र अनुसूची-८ मा तोकिएको कर | तिर्न बाँकी कर (विगत आ.व.को एकमुष्ठ) | कैफियत |
|---|---|---|---|
| चलचित्र प्रदर्शनको प्रति टिकट | स्वदेशी २.५% विदेशी चलचित्र ५% | बाँकी रकम हिसाब गरिने | जरिवाना नलाग्ने |
| भिडियो घर, साँस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थिएटर, नाटक घर | वार्षिक १० हजार | २०७९/८० देखि तीन वर्षको बाँकी भएमा ३० हजार। | चालु वर्षको थप १० हजार |
| दोहोरी साँझ, डान्सबार | व्यवसायको प्रकृति र पालिका अनुसार फरक दर | **कोशी प्रदेश आर्थिक ऐन, २०८२ मा** तोकिएको दरमा **तीन गुणाले** हुने रकम | २०८२/८३ को पनि तिर्दा चार गुणा रकम |
| नाईट क्लब, स्पा, डिस्को, नृत्यशाला वा नाचघर, रोदीघर (२०८०/८१ देखि), गजल साँझ (२०८१/८२देखि करलाग्ने | व्यवसायको प्रकृति र पालिका अनुसार फरक दर | **ऐ. अनुसूची-४ मा** तोकिएको दरमा **दुई गुणाले** हुने रकम। गजल साँझको १ वर्षको मात्र | २०८२/८३ को पनि तिर्दा ३ वा २ गुणा रकम |
| **जुम्मा (वा सोही प्रकृतिको नाच), स्वीमिङ पुल, पुल हाउस, फुटसल** | व्यवसायको प्रकृति र पालिका अनुसार फरक दर | २०८०/८१ र २०८१/८२ को मात्र कर लाग्ने। | **२०८२/८३ मा कर नलाग्ने** |
| पार्क, फन पार्क, वाटर गार्डेन, वाटर पार्क, बाल उद्यान, चिल्ड्रेन पार्क, अपेरा, उद्यान, अन्य मनोरञ्जनात्मक स्थल | प्रकृति (साना, मझौला र ठूलो) र पालिका अनुसार फरक दर **(पिकनिक स्थल छ भने पिकनिक स्थलको दर समेत जोडिने)** | कोशी प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूची-४ मा तोकिएको दरमा तीन गुणाले हुने रकम | २०८२/८३ को समेत चार गुणाले हुने रकम |
| पिकनिक स्थल | स्पट संख्या र पालिका अनुसार फरक दर | | |
| **क्यासिनो (होटलको वर्गीकरण अनुसार)** | होटलः ३ तारा- ५ लाख<br>४ तारा- १० लाख<br>५ तारा- १५ लाख | **दुई गुणाले हुने रकम** (आर्थिक वर्ष २०८०/८१ देखि कर लगाइएको) | **२०८२/८३ को समेत लिँदा तीन गुणा रकम** |
| **साहसिक मनोरञ्जन क्रियाकलाप वा व्यवसाय** (स्काइ वाक, र्‍याफ्टिङ्ग, स्टिमर, प्याराग्लाइडिङ लगायत) | तोकिएको दर वा टिकटको ५ प्रतिशत मध्ये जुन बढी हुन्छ | एकमुष्ट दरमा भए तीन गुणा। टिकटको भए पाँच प्रतिशतले हुने रकम | टिकटको हकमा सोही आ.व.को दर अनुसार |
| **मेला, महोत्सव लगायत अवधि तोकी सञ्चालन हुने मनोरञ्जन** | प्रकृति र पालिका अनुसार फरक दर | **विगतको तिर्न बाँकी भएमा** तोकिएको दरमा हुने रकम | २०८२/८३ को दर अनुसार |
| समिति वा संस्थाबाट सञ्चालित पर्यटकीयस्थल, सांस्कृतिक सम्पदा, संग्रहालय, भ्यूटावर, पर्यापर्यटन, पिकनिकस्थल **(सरकारको लगानी रहेको)** | आम्दानीको २० प्रतिशत | **विगत तीन आर्थिक वर्षको। हरेक वर्षको कुल आयको २० प्रतिशतले हुन आउने रकम।** | २०८२/८३ को हकमा असारसम्म वा सो पछि तिर्न सकिने |

**पुनश्चः विगत आ.व.२०७९/८०, २०८०/८१ र २०८१/८२ को तिर्न बाँकी मनोरञ्जन कर र पर्यटन शुल्क वपतको रकम <u>२०८२ चैत्र मसान्तसम्म</u> बुझाएमा सो भन्दा अघिका बाँकी सबै कर/शुल्क छुट, जरिवाना वा ब्याज समेत छुट हुनेछ।**

# कोशी प्रदेश आर्थिक ऐन, २०८२ को

## अनुसूची-४ (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## मनोरञ्जन कर

| क.सं | शीर्षक | व्यवसायको प्रकृति | उप/महा/ नगरपालिका | तराई र भित्री मधेशका जिल्लाहरू | | हिमाल र पहाडका जिल्लाहरू | |
|---|---|---|---|---|---|---|---|
| | | | | नगरपालिका | गाउँपालिका | नगरपालिका | गाउँपालिका |
| १ | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकबाट प्रति टिकट | सबै प्रकार | ५% | | | | |
| २ | भिडियो घर, साँस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थिएटर, नाटक घर | सबै प्रकार | वार्षिक १० हजार | | | | |
| ३ | दोहोरी साँझ, गजल साँझ, नाईट क्लब, स्पा, डान्स बार, डिस्को, नृत्यशाला वा नाचघर, रोदीघर (वार्षिक रु.) | साना (चुक्ता पूँजी रु.१० लाखसम्म) | ७ हजार | ५ हजार | ४ हजार | ३ हजार | २ हजार |
| | | मझौला (१० भन्दा बढी ३० लाखसम्म) | १० हजार | ८ हजार | ७ हजार | ५ हजार | ३ हजार |
| | | ठूलो (३० लाख भन्दा बढी पूँजी भएको) | २० हजार | १५ हजार | १० हजार | ७ हजार | ५ हजार |
| ४ | पार्क, फन पार्क, वाटर गार्डेन, वाटर पार्क, बाल उद्यान, चिल्ड्रेन पार्क, अपेरा, उद्यान, अन्य मनोरञ्जनात्मक स्थल (वार्षिक रु.) | **साना*** | २० हजार | १५ हजार | १० हजार | ७ हजार | ५ हजार |
| | | **मझौला*** | ४५ हजार | ३५ हजार | २० हजार | १० हजार | ७ हजार |
| | | **ठूलो*** | ६० हजार | ५० हजार | २५ हजार | १५ हजार | १० हजार |
| ५ | मेला, महोत्सव, प्रदर्शनी, सर्कस, साँस्कृतिक कार्यक्रम, मनोरञ्जनात्मक कार्यक्रम, मनोरञ्जनात्मक खेलकुद प्रतियोगिता (प्रतिदिन रु.) | ठूलो प्रकृतिका वा ८ दिन वा सोभन्दा बढी सञ्चालन हुने | २० हजार | १२ हजार | १० हजार | ७ हजार | ५ हजार |
| | | मझौला प्रकृतिका वा ७ दिनसम्म सञ्चालन हुने | १० हजार | ७ हजार | ५ हजार | ३ हजार | २ हजार |
| ६ | जादु, चटके लगायत निश्चित अवधिसम्म सञ्चालन हुने साना प्रकृतिका मनोरञ्जनमा (प्रतिदिन)रु. | - | १ हजार | ८ सय | ५ सय | ३ सय | २ सय |
| ७ | **पिकनिक स्थल (वार्षिक)** | ३ वटासम्म स्पट भएको | २० हजार | १५ हजार | १० हजार | ७ हजार | ५ हजार |
| | | ४ देखि ७ वटासम्म स्पट भएको | ३५ हजार | २५ हजार | १५ हजार | १० हजार | ७ हजार |
| | | ८ वटा वा सो भन्दा बढी स्पट भएको | ५० हजार | ३५ हजार | २५ हजार | १५ हजार | १० हजार |
| ८ | बञ्जी जम्पिङ, ऱ्याफ्टिङ, क्यानोनिङ, जीप फ्लायर, अल्ट्रालाइट, | **टिकट वा प्रवेश शुल्कको ५ प्रतिशतको दरले वा देहायको रकम मध्ये जुन बढी हुन्छ सो रकम स्वघोषणा गरेको आधारमा लाग्नेछ।** | | | | | |

| | | | |
|---|---|---|---|
| | प्याराग्लाइडिङ, केबलकार, रक क्लाइम्बिङ, आकाशे सिसाको पुल/स्काइ वाक, जेट बोट, स्टिमर, नौका विहार, पर्यटकिय हवाई चार्टड उडान, अन्य साहसिक मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्ने संस्था | सञ्चालन वा स्थापना भएको तीन वर्ष सम्म (वार्षिक) | **१ लाख ५० हजार** |
| | | सञ्चालन वा स्थापना भएको तीन वर्ष भन्दा बढी (वार्षिक) | **२ लाख ५० हजार** |
| ९* | क्र. सं. ४ मा व्यवसायको प्रकृतिमा बढीमा दुई वटासम्म मनोरञ्जनात्मक क्रियाकलाप भएकोलाई "साना", तीन वा सो भन्दा बढी सात वटासम्म मनोरञ्जनात्मक क्रियाकलाप भएकोलाई "मझौला" र आठ वा सो भन्दा बढी मनोरञ्जनात्मक क्रियाकलाप भएकोलाई "ठूलो" व्यवसाय सम्झनु पर्छ।<br>**"मनोरञ्जनात्मक क्रियाकलाप"** भन्नाले मनोरञ्जनस्थल भित्र सञ्चालन भएका रोटेपिङ, डुङ्गा (मोटरबोट वा पाइडल बोट), घोडचढी, स्वीमिङ, जलपरी रिक्सा, डोरी चढ्ने, सर्कस, पिकनिक स्थल, प्रदर्शनी, सांगीतिक कार्यक्रम, बालबालिकाको मनोरञ्जनका साधनहरू लगायतका मनोरञ्जनका विभिन्न क्रियाकलापहरूलाई सम्झनु पर्छ। | | |
| १० | **क्र. सं. ४ अनुसारको मनोरञ्जन स्थलभित्र पिकनिक स्थल समेत रहेछ भने क्र. सं. ४ र क्र. सं. ७ बमोजिम दुवै जोडेर मनोरञ्जन कर लाग्नेछ।** | | |
| ११ | **नेपाली चलचित्रको प्रदर्शनमा क्र. सं. १ मा उल्लिखित दरमा ५० प्रतिशत छुट हुनेछ।** | | |
| १२ | क्यासिनो सञ्चालन गर्ने होटलको वर्गीकरणको आधारमा तीन तारे होटलमा सञ्चालन भएको क्यासिनोको हकमा वार्षिक रु.५ लाख, चार तारे होटलमा सञ्चालन भएको क्यासिनोको हकमा वार्षिक रु.१० लाख र पाँच तारे होटलमा सञ्चालन भएको क्यासिनोको हकमा वार्षिक रु.१५ लाख मनोरञ्जन कर लगाई असूल गरिनेछ। | | |
| १३ | माथि उल्लेखित क्र.सं १ देखि ८ सम्मका मनोरञ्जनात्मक क्रियाकलाप एकभन्दा बढी स्थानीय तहमा सञ्चालन हुने भएमा सुरु हुने स्थानीय तहको कार्यालयमा कर तथा शुल्क बुझाउनुपर्नेछ। | | |
| १४ | **क्र.सं. ५ र ६ बमोजिम मेला, महोत्सव, सर्कस, मनोरञ्जनात्मक खेलकुद, सांस्कृतिक कार्यक्रम सञ्चालनको अनुमतिको लागि स्थानीय तहबाट सिफारिस लिदा मनोरञ्जन कर बुझाउनुपर्नेछ।** | | |
| १५ | कोशी प्रदेश सरकारका निकाय वा स्थानीय तहबाट कुनै मेला, महोत्सव, सांस्कृतिक कार्यक्रम आदिमा अनुदान **सहयोग माग गर्दा वा भुक्तानी निकासा गर्दा मनोरञ्जन कर दाखिला** भएको कागजात पेश गर्नुपर्नेछ। | | |
| १६ | यस अनुसूची अनुसार टिकट मुल्यको आधारमा लाग्ने मनोरञ्जन कर मूल्य अभिवृद्धि कर बाहेकको टिकट मूल्यमा लगाइने छ। स्थानीय तहमा व्यवसाय कर तिर्दा वा नवीकरण गर्दा यस अनुसूची बमोजिम दाखिला गर्नुपर्ने मनोरञ्जन कर दाखिला नभएको भए लाग्ने कर, जरिवाना र ब्याज समेत असूल गरेर मात्र नवीकरण गर्नुपर्दछ। | | |
| १७ | कृषि तथा औद्योगिक मेला वा प्रदर्शनीलाई क्र. सं. ५ बमोजिम लाग्ने मनोरञ्जन करमा ५० प्रतिशत छुट हुनेछ। | | |

# कोशी प्रदेश आर्थिक ऐन, २०८२ को

## अनुसूची-८

(दफा ९ को उपदफा (१) र (२) सँग सम्बन्धित)

## पर्यटन शुल्क

| क्र.सं. | शीर्षक | दर |
|---|---|---|
| १ | टिकट वा प्रवेश शुल्क लिई सञ्चालनमा रहेका पर्यटन स्थल, तालतलैया, पर्यटकीय पार्क, पर्यटकीय रिसोर्ट, अन्य पर्यटकीय स्थल, प्राचीन स्मारक तथा पुरातात्त्विक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक सम्पदा, सङ्ग्रहालय, गुफा, पार्क, पिकनिक स्थल, भ्यू टावर, संरक्षण क्षेत्र, सामुदायिक वन तथा अन्य वन क्षेत्रको पर्यापर्यटन | क. प्रदेश सरकारका निकाय वा स्थानीय तहले सञ्चालन तथा व्यवस्थापन गरेको स्थलमा प्रचलित कानून बमोजिम दर तोकिएको भए सोही बमोजिम हुनेछ। दर नतोकिएको भएमा देहायको दरले पर्यटन शुल्क लाग्नेछ।<br>पर्यटन स्थलः- प्रवेश शुल्क प्रतिव्यक्ति रु.२०।–<br>पर्यटन स्थल भित्रका अन्य क्रियाकलापमा रु.१०।–<br>पिकनिक स्थलः- प्रति समूह/प्रतिदिन रु. ५००।–<br>प्रवेश शुल्कमा विद्यार्थी र जेष्ठ नागरिकलाई ५० प्रतिशत छुट हुनेछ।<br>ख. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट पूर्वाधार विकासमा लगानी भएको र सामुदायिक संस्था, व्यवस्थापन समिति वा सङ्गठित संस्थाले सञ्चालन गरेको स्थलमा सम्झौता भएकोमा सोही बमोजिम हुनेछ। सम्झौता नभएको अवस्थामा वार्षिक रुपमा उठ्ने रकमको २० (बीस) प्रतिशतले हुन आउने रकम सम्बन्धित संस्था वा समितिले स्थानीय तहलाई बुझाउनु पर्नेछ। |
| २ | यस अनुसूची बमोजिम सङ्कलन भएको पर्यटन शुल्क वापतको रकम सम्बन्धित स्थानीय तहको विभाज्य कोषमा दाखिला गर्नुपर्नेछ। | |
| ३ | यस अनुसूची बमोजिम लाग्ने पर्यटन शुल्क स्थानीय तहबाट सङ्कलन गरिनेछ। | |
| ४ | संस्था, समिति वा व्यवसायीले यस अनुसूची बमोजिमको पर्यटन शुल्क बुझाउँदा टिकट वा प्रवेश शुल्कको दरले बुझाउँदा महिना समाप्त भएको २५ दिनभित्र मासिक रुपमा बुझाउनु पर्नेछ र वार्षिक रुपमा एकमुष्ट बुझाउँदा २०८३ असार मसान्त भित्रमा बुझाउनुपर्नेछ। | |

प्रदेश राजस्व कार्यालय

Website: pro.koshi.gov.np

# कोशी प्रदेश आर्थिक ऐन, २०८२ को दफा १० को उपदफा (२) अनुसार विज्ञापन वा सूचना प्रसारण/प्रकाशनको भुक्तानीमा लाग्ने

## विज्ञापन कर सम्बन्धी जानकारीः-

- **भुक्तानीमा ३ प्रतिशत विज्ञापन कर कट्टा गरी स्थानीय तहमा दाखिला गर्नु पर्ने निकायहरुः**
    - कोशी प्रदेश सरकार अन्तर्गतका निकाय (प्रदेशका सबै मन्त्रालय/कार्यालयहरु)
    - स्थानीय तहका सरकारी निकाय (जिल्ला समन्वय समिति, महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका, गाउँपालिका र मातहतका सबै कार्यालय/निकायहरु)
    - बैंक तथा वित्तीय संस्था,
    - सहकारी संस्था,
    - गैर सरकारी संस्था
    - उद्योग, व्यवसाय, फर्म, कम्पनी लगायतका सङ्गठित संस्था,
    - अन्य निकाय (शैक्षिक संस्था, स्वास्थ्य संस्था, कन्सल्टेन्सी, एजेन्सी आदि)
- माथि उल्लेखित निकायले आफ्नो कार्यसँग सम्बन्धित कुनै विज्ञापन वा सूचनालाई छापा, श्रव्य, दृश्य, विद्युतीय माध्यम, अनलाइन वा सामाजिक सञ्जाल लगायतका माध्यम प्रयोग गरी विज्ञापन वा सूचनाको प्रसारण वा प्रकाशन गर्दा लाग्ने रकम सम्बन्धित सञ्चार माध्यम वा विज्ञापन एजेन्सीलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर बाहेकको रकममा ३ (तीन) **प्रतिशतका दरले विज्ञापन कर कट्टा गरी भुक्तानी गर्नुपर्ने** छ र त्यसरी कट्टा गरिएको रकम आफ्नो कार्यालय वा निकाय रहेको **स्थानीय तहको विभाज्य कोषमा** दाखिला गर्नुपर्नेछ।
- विज्ञापन करको रकम राजस्व शीर्षक ३३३४३ मा दाखिला गर्नु पर्नेछ।

पुनश्चः

- विज्ञापन नियमन गर्ने ऐन, २०७६ को दफा २१ को उपदफा (२) को खण्ड (ख) र दफा ३२ बमोजिम विज्ञापन वापतको भुक्तानीमा **नेपाल सरकार अन्तर्गतका निकायले मात्र** ३ प्रतिशत रकम कट्टा गरी **विज्ञापन बोर्डको खातामा** जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ।
- प्रदेश सरकार, स्थानीय सरकार अन्तर्गतका कार्यालयले र अन्य निकायले विज्ञापन वापतको भुक्तानीमा तीन प्रतिशत रकम विज्ञापन बोर्डको खातामा जम्मा गर्नु पर्ने प्रावधान छैन।
- प्रदेश तथा स्थानीय तहका कार्यालय र अन्य निकायले विज्ञापन वा सूचना प्रसारण/प्रकाशनको भुक्तानीमा तीन प्रतिशत कर कट्टा गरी आफ्नो कार्यालय/निकाय रहेको स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्ने हुन्छ।

प्रदेश आर्थिक ऐन बमोजिम दर तोकिएको एवम् स्थानीय सरकारले राजस्व सङ्कलन गरी प्रदेश र स्थानीय सरकारबीच बाँडफाँड गर्न **विभाज्य कोषमा जम्मा हुने कर वा शुल्क दाखिला गर्दा कार्यालयले वा करदाताले बैंक भौचरमा भर्ने विवरण:**

राजस्व शीर्षक: मनोरञ्जन कर:- ३३३४२

विज्ञापन कर:- ३३३४३

पर्यटन शुल्क:- ३३३४५

दहत्तर बहत्तर शुल्क: ३३३६६ (ढुङ्गा, गिट्टी वालुवा, प्राकृतिक स्रोत विक्री शुल्क, दण्ड जरिवानाको रकम समेत)

स्थानीय **विभाज्य कोष** खाता नं.-

दाखिला गर्ने बैंकको नाम, शाखा:-

पालिकाको कार्यालय कोड:

*(नोट: स्थानीय तहको विभाज्य कोष रहेको बैंक खाता नं र कोड उल्लेख गरिदिने।)*

**स्थानीय विभाज्य कोषमा जम्मा भएको मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क र प्राकृतिक स्रोत विक्री शुल्क बाँडफाँड गरी ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्ने तरिका र बैंक भौचरमा भर्ने विवरण:**

- **राजस्व पोर्टल (revenue.fcgo.gov.np)** खोल्ने र आइडि भए साइन इन गर्ने। नभए साइन अपमा गएर मोवाइल नम्बर लगाएपछि OTP आउँछ, अनि आइडि बनाउन सकिन्छ। नयाँ आइडि बनाउँदा कर्मचारीको व्यक्तिगत वा कार्यालयको मध्ये जसको PAN नम्बर र विवरण राखे पनि हुन्छ।
- विभाज्य कोषको बाँडफाँट गर्न चेक जारी भएपछि राजस्व पोर्टल (revenue.fcgo.gov.np) मा भौचरको विवरण भर्न सकिन्छ। त्यसमा प्रदेश सरकार छानेर मोरङ जिल्ला, प्रदेश लेखा नियन्त्रक कार्यालय छनौट गर्ने। बैंक छनौट गर्ने। व्यक्तिगत आइडिबाट लगइन गरेको भए दाखिला गर्ने पालिकाको PAN नम्बर लगाउने।
- राजस्व शीर्षक छनौट गर्ने, प्रयोजन वा विवरण खुलाउने, चेकमा भएको रकम प्रविष्ट गर्ने। त्यसपछि NEXT मा जाने। "Pay Later" option मा जाने र सेभ गर्ने।
- त्यसपछि राजस्व भौचर प्रिन्ट गर्ने। भौचरमा चेक नम्बर र चेक जारी भएको बैंकको नाम लेख्ने। सम्बन्धित बैंकमा लगेर चेक सहित दाखिला गरिदिने। रकम दाखिला भईसकेपछि राजस्व पोर्टलमा **भुक्तानी गरिएको भौचरको** सूचीमा देखिन्छ। त्यति गरेपछि प्रदेश लेखा नियन्त्रक कार्यालयमा RMIS मा पालिकाको नामबाट रकम दाखिला भएको देखिन्छ।
- बाँडफाँड गरी दाखिला गर्ने **राजस्व शीर्षक:** मनोरञ्जन कर:- ११४७१, विज्ञापन कर:-११४७२, पर्यटन शुल्क:- १४१९१, र प्राकृतिक स्रोत विक्री/दहत्तर बहत्तरको शीर्षक:- १४१५७ रहेको छ।
- बैंक छान्दा राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल बैंक लिमिटेड मध्ये नजिक रहेको वा चेक/भौचर बुझाउन सजिलो हुने बैंक छनौट गर्न सकिन्छ।

# सवारी साधन कर छुटबारे जानकारी

कोशी प्रदेश आर्थिक ऐन, २०८२ को अनुसूची-२ बमोजिम आर्थिक वर्ष २०८२/८३ का लागि यातायात व्यवस्था कार्यालयले सङ्कलन गर्ने सवारी साधन कर छुट सम्बन्धी प्रावधान देहायअनुसार रहेको छः-

- कुनै सवारी धनीले तिर्नुपर्ने सवारी साधन कर तथा नवीकरण दस्तुर तीन वर्ष भन्दा बढी अवधिसम्म बक्यौता रही **२०८२ साल पौष मसान्त भित्र** तिर्न आएमा पछिल्लो तीन वर्षको सवारी साधन कर तथा नवीकरण दस्तुर र जरिवाना लिई बाँकी अवधिमा लाग्ने जरिवाना मात्र छुट दिई नवीकरण गर्न सकिनेछ।
- नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको नाममा दर्ता भएका सवारी साधन प्रचलित कानून बमोजिम लिलाम गर्दा कर तिर्न बाँकी रहेछ भने **बाँकी अवधिको सवारी साधन कर छुट** गरी त्यस्तो सवारी साधनको लगत कट्टा गरिनेछ।
- पाँच वर्ष भन्दा बढी अवधिको सवारी कर तिर्न बाँकी रहेको कुनै सार्वजनिक तथा निजी सवारी साधनको सवारी धनीले लगत कट्टा गरी दर्ता प्रमाणपत्र खारेज गर्न चाहेमा पछिल्लो **एक आर्थिक वर्ष २०८२/०८३ को सवारी कर मात्र २०८२ पुष मसान्तसम्म बुझाएमा** अन्य तिर्न बाँकी कर, शुल्क, दस्तुर तथा जरिवाना छुट दिई त्यस्ता सवारी साधनको लगत कट्टा गरिनेछ। सवारी दर्ता प्रमाणपत्र हराएको वा नासिएको हकमा सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिसको आधारमा लगत कट्टा गरिनेछ।
- बीस वर्ष आयु पुरा भई सार्वजनिक सवारी साधन स्क्रयापमा गएको वा सञ्चालन गरी जफत गरिएको वा सवारी दुर्घटनामा परी स्क्रयापमा गई सञ्चालनमा नरहेको अवस्थामा त्यस्ता सवारी साधनले वार्षिक रूपमा तिर्नुपर्ने सवारी कर, दस्तुर तथा जरिवाना नतिरेको कारणले दर्ता खारेजी गरेको रहेनछ भने त्यस्ता सवारी साधनमा लाग्ने कर, शुल्क तथा दस्तुर मध्ये **एक आ.व. २०८२/०८३ को सवारी कर मात्र २०८२ पुष मसान्तसम्म** बुझाएमा अन्य तिर्न बाँकी कर, शुल्क, दस्तुर तथा जरिवाना छुट दिई त्यस्ता सवारी साधनको लगत कट्टा गरिनेछ। सवारी दर्ता प्रमाणपत्र हराएको वा नासिएको हकमा सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिसमा लगत कट्टा गरिनेछ।
- अन्य प्रदेशको सरुवा सहमतिबाट आर्थिक वर्ष २०८१/८२ मा यस प्रदेशमा दर्ता भएका सवारी साधनलाई आर्थिक वर्ष २०८२/८३ मा लाग्ने सवारी साधन करमा **पचास प्रतिशत छुट** हुनेछ।
- दसी प्रमाणको रुपमा राखिएका सवारी साधनको सम्बन्धित निकायको सिफारिसमा सो अवधिको कर तथा जरिवाना पूर्ण रुपमा छुट हुनेछ।